लुम्बिनी प्रदेश सरकार

# लुम्बिनी प्रदेश योजना आयोग

राप्ती उपत्यका (देउखुरी), नेपाल

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ को उपदफा ३ र नियमावली २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गर्नुपर्ने विवरण देहाय वमोजिम रहेको छ

## आ. व. २०८०।८१ तेस्रो त्रैमासिक (माघ-चैत्र) स्वतः प्रकाशन

### १. कार्यालयको स्वरुप र प्रकृतिः

प्रदेश सरकार (मन्त्रिपरिषद)को मिति २०७४ चैत्र ०६ गतेको निर्णय अनुसार लुम्विनी प्रदेश प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७४ स्वीकृत भई सोही मितिको निर्णयाअनुसार प्रदेश योजना आयोगको गठन गरिएको हो। प्रदेश योजना आयोग विकासमा आधारित संस्था हो। प्रदेशको दुरगामी सोच सहित विकासको अवधारणा तयार गर्ने, योजनाको लक्ष्य तथा उद्देश्य निर्धारण गर्ने, दीर्घकालिन र अल्पकालिन नीति, रणनीति तथा योजना तर्जुमा गर्ने र प्रदेश सरकारका महत्वपूर्ण नीति तथा कार्यक्रम र आयोजनाहरुको अनुगमन तथा मुल्याङ्कनको माध्यमबाट सूचनाहरुको अध्ययन एवम् विश्लेषण गरी प्रदेश सरकारलाई आवश्यकता अनुसार सल्लाह, सुझाव र सहयोग प्रदान गर्ने संस्थाको रुपमा प्रदेश योजना आयोग गठन भएको हो।

### २. कार्यालयको काम, कर्तव्य र अधिकार

(क) प्रदेशको समग्र समृद्धिका लागि दूरगामी सोंच सहितको दीर्घकालिन लक्ष्य, मार्गचित्र, नीति तथा योजना तर्जुमा गर्ने

(ख) आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, पर्यावरणीय र सुशासनका क्षेत्रमा रणनीतिक प्रकृतिका आवधिक नीति तथा योजना तयार गर्ने

(ग) लाभ लागत लगायतका विविध विश्लेषणको आधारमा आयोजना बैंक (प्रोजेक्ट बैंक) निर्माण गर्ने, गराउने

(घ) राष्ट्रिय स्रोतको अनुमान, प्रक्षेपण र वितरण, आयोजनाको आर्थिक, सामाजिक वित्तीय, प्राविधिक र वातावरणीय विश्लेषणको लागि प्रादेशिक मापदण्ड तयार गर्न लगाउने

(ङ) अध्ययन, अनुसन्धान तथा तथ्यपरक नीति निर्माण प्रक्रियालाई अवलम्बन गरी विभिन्न क्षेत्रगत नीतिहरुको निर्माण तथा तिनको कार्यान्वयनको समन्वय र सहजीकरण गर्ने

(च) अर्थतन्त्रका समष्टिगत क्षेत्रहरुमा अध्ययन गरी त्यस बमोजिमको नीति तथा योजनाहरुको तर्जुमा गर्ने, गराउने

(छ) प्रदेशको स्थिती पत्र, श्वेतपत्र तयार गर्ने,


(ज) वार्षिक तथा आवधिक प्रतिवेदन तयार गर्ने ।

## १.३ संगठन संरचना र जनशक्ति विवरण

लुम्बिनी प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०८० बमोजिम लुम्बिनी प्रदेश योजना आयोगको अध्यक्ष लुम्बिनी प्रदेश सरकारका माननीय मुख्यमन्त्री रहने व्यवस्था रहेको छ। माननीय मुख्यमन्त्रीज्यूको अध्यक्षतामा आयोगको सांगठनिक संरचना देहाय बमोजिम रहने व्यवस्था छ।

### १.३.१ संगठन संरचना

चित्र नं.-१




*नोटः आयोगको नियमित बैठकमा पदेन सदस्यको उपस्थिति अनिवार्य गरिएको छैन।*

३. कार्यालयको कर्मचारी दरवन्दी तथा पदपुर्तिको अवस्था

| सि.नं. | पद | कुल दरवन्दी | पदपूर्ति | | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | स्थायी | करार | | |
| १ | प्रदेश सचिव | १ | १ | | ० | |
| २ | अधिकृत नवौ/दशौ | १ | ० | | १ | |
| ३ | अधिकृत सातौ/आठौ | १ | ० | | १ | |
| ४ | तथ्याङ्क अधिकृत | १ | १ | | ० | |
| ५ | सहायक पाँचौ/अ.छैठौं(प्र/सा.प्र) | २ | १ | | १ | |
| ६ | लेखापाल | १ | १ | | ० | |
| ७ | कम्प्यूटर(विविध) | २ | १ | | १ | |
| ८ | ह.स.चा. | ३ | | १ | २ | |
| ९ | का.स. | ३ | | १ | २ | |
| १० | जम्मा | १५ | ५ | २ | ८ | |

४. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी तथा सम्बन्धित शाखा प्रमुख

| क्र.सं. | शाखा | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|---|
| १. | कार्यालय प्रमुख | खिम बहादुर कुँवर | सचिव | |
| २ | तथ्याङ्क शाखा | मेघराज पौडेल | तथ्याङ्क अधिकृत | |
| ३ | प्रशासन तथा योजना | डोलराज वोहरा | अधिकृत छैठौं | |
| ४ | आर्थिक प्रशासन शाखा | चन्द्र वहादुर वली | लेखापाल | |
| ५ | जिन्सी शाखा | सुरेश कुमार चौधरी | अधिकृत कम्प्युटर | |

५. निर्णय गर्ने अधिकारी

सचिव श्री खिम बहादुर कुँवर

६. उजुरी सुन्ने अधिकारी

सचिव श्री खिम बहादुर कुँवर

७. यस अवधि (दोस्रो-त्रैमासिक) मा सम्पादित मुख्य मुख्य कामको विवरण

- लुम्बिनी प्रदेशको वस्तुस्थितिको अन्तिम मस्यौदा आयोगको वैठकवाट स्वीकृत
- आयोगको पूर्ण वैठक तथा नियमित वैठक
- दोस्रो आवधिक योजनाको आधारपत्रको मस्यौदा उपर स्थानीय तह, जि.स.स., जिल्लास्थित प्रादेशिक कार्यालयहरु, विकास साझेदार, पत्रकार लगायत अन्य सरोकारवालाहरुसंग छलफल, अन्तरक्रिया तथा राय सुझाव संकलन
- दोस्रो आवधिक योजनाको आधारपत्रको मस्यौदा आयोगको पूर्ण वैठकबाट स्वीकृत ।

८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम तथा पद

कार्यालय प्रमुख : खिम बहादुर कुँवर, सचिव (सम्पर्क नम्बर ९८५७०८५१६८)

सूचना अधिकारी : मेघराज पौडेल, तथ्याङ्क अधिकृत (सम्पर्क नम्बर ९८५७८५०२०२)

९. ऐन, नियम, निर्देशिका

लुम्बिनी प्रदेश योजना आयोग गठन तथा कार्यसंचालन आदेश, २०८०

आवधिक योजना तर्जुमाका लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि २०८०

प्रदेश अनुगमन तथा मुल्याङ्कन दिग्दर्शन २०७५

शोधवृति सम्बन्धी कार्यविधि २०७८

प्रदेश गौरवका आयोजना निर्धारण सम्बन्धी मापदण्ड २०७६

१० आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण

रु.

| सि.नं. | क्रियापलाप | वार्षिक वजेट | चैत्र महिनासम्मको खर्च | बाँकी वजेट |
|---|---|---|---|---|
| १ | चालु तर्फ | ३४३१७००० | १०३१२५६४ | २४००४४३६ |
| २ | पुजीगत तर्फ | १०८१०००० | १२८६२५७ | ९५२३७४३ |
| | जम्मा | ४५१२७००० | ११५९८८२१ | ३३५२८१७९ |

११. कार्यालयको सम्पर्क विवरण

टेलिफोन नम्वर : ०८२-४१३१०५

इमेल : **infoppc.p5@gmail.com**

वेबसाइट : **ppc.lumbini.gov.np**

१२. सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय :

माग भएको सूचना : ३ पटक

दिइएको सूचना : ३ पटक

१३. यस अवधिमा प्रकाशित प्रकाशनहरु

- दोस्रो आवधिक योजनाको अवधारणा पत्र प्रकाशन ।
- असल खानपान सम्बन्धी मार्गदर्शन २०८०

सचिव